म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५१ सोमबार १० बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 22 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बसको ठक्करबाट बकैयाका दुईजना घाइते

हेटौंडा, ९ वैशाख/हेटौंडा उपमहानगरपालिका-७ न्यूरेनीमा बसले मोटरसाइकललले ठक्कर दिंदा दुईजना घाइते भएका छन् । घाइते हुनेमा मोटरसाइकल चालक बकैंया गाउँपालिका-४ माझगाँउ बस्ने सुरेश ब्लोन र मोटरसाइकलको पछाडि सवार सोहीस्थान बस्ने ३० बर्षीय दिनेश ब्लोन रहेका छन् । कान्तिलोकपथ सडकखण्डमा शनिबार हात्तिसुँडेबाट हेटौंडातर्फ आउँदै गरेको ना ७ ख ४५७१ नम्बरको यात्रुबाहक बसले हेटौंडाबाट हटियातर्फ जाँदै गरेको प्रदेश ३-०२-००७ प ८३२३ नम्बरको मोटरसाइकललाई ठक्कर दिएर दुर्घटना हुँदा ब्लोनद्वय घाइते भएको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । घाइते दुबैको हेटौंडा अस्पतालमा उपचार गरिएको प्रहरीले जनाएको छ । दुबै सवारी साधन र बस चालक बकैया गाउँपालिका-४ जुरेली बस्ने बर्ष २८ को सोमबहादुर थिङलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# दादुरा रुबेला खोप अभियानमा क्रियाशील हुन स्वास्थ्य मन्त्री श्रेष्ठको निर्देशन

साझाकुरा संवाददाता




हेटौंडा, ९ वैशाख/दादुरा रुबेला खोप अभियानमा क्रियाशील भएर काम गर्न बागमती प्रदेशका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले चिकित्सकलाई निर्देशन दिएका छन् ।

आइतबार दादुरा रुबेला अभियानको समीक्षा आईपीभी खोप अभियानसम्बन्धी अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठीमा मन्त्री श्रेष्ठले यस्तो निर्देशन दिएका हुन् । जिल्लामा रुवेलाको अवस्था बुझेर कस्ता कार्यक्रम ल्याउँदा उपयोगी हुन्छ ? भन्ने विषयमा बुझेर अगाडि बढ्न स्वास्थ्य मन्त्री श्रेष्ठले स्वास्थ्यकर्मीसमक्ष अनुरोध गरे । स्वास्थ्य क्षेत्रमा भएको कमीकमजोरीलाई सुधार गर्दै थप गर्नुपर्ने कार्यक्रमलाई समायोजन गरी काम गर्न उनले सुझाव दिए । नपाली समाजको स्वास्थ्य क्षेत्रमा निकै सुधार भएको पनि उनले बताएका छन् ।

जिल्लामा रहेका चिकित्सकले क्रियाशील भई खोप लगाउने कार्यमा हेलचक्राइ नगरी काम गर्ने हो भने मृत्युदर शुन्यमा झार्न यो अभियान सफल हुने भन्दै सबै क्षेत्रबाट सहयोग गर्न स्वास्थ्य मन्त्री श्रेष्ठले अनुरोध गरे । आफ्नो जीवनको प्रवाह नगरी जनताको सेवामा लागीपरेका कर्मचारीलाई हौसला प्रदान गर्दै यो कार्यको राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा पनि पहिचान बनाएको स्मरण गरे ।

चिकित्सकको कामप्रति सम्मान व्यक्त गर्दै मन्त्री श्रेष्ठले 'विरामीको स्वस्थ्य जीवनको लागि दिनरात नभनी खटिनुहुन्छ भन्ने विश्वास राखेको छु ।' विपन्न परिवारलाई स्वंयमसेविकाले महत्वपूर्ण योगदान पुऱ्याएकोमा खुशी व्यक्त गर्दै मन्त्री श्रेष्ठले नेपाल सरकारले ल्याएको स्वास्थ्यबीमा कार्यक्रमबाट विपन्न परिवारका सदस्य लभांवित हुन नसकेकोमा दुःख व्यक्त गरे ।

सबै जनतालाई संविधानको मर्म अनुसार स्वास्थ्यको पहुँचमा ल्याउन स्वास्थ्यकर्मीलाई अनुरोध गर्दै यस आर्थिक वर्षमा ७ हजारको हाराहारीमा बिपन्न परिवार लाभान्वित भैसकेको र यस आर्थिक वर्षको अन्त्यसम्ममा थप २ करोड थपेर १२ हजार घरधुरीलाई स्वास्थ्यवीमाको सुविधा पुऱ्याउने प्रतिवद्धता व्यक्त गरे । विश्वभर फैलिएको आत्महत्या न्यूनीकरणका लागि मन्त्री श्रेष्ठले जति सक्दो पहल गर्ने बताए । स्वास्थ्य मन्त्रालयको सर्बपक्षीय संयन्त्रको निर्माण गर्ने र व्यापक स्वास्थ्यकर्मी परिचालनका साथै जनचेतनाका लागि स्थानीय सरकारसँगको सहयोग र समन्वयमा कार्यक्रम गरिने उनले जानकारी दिएका छन् । व्यापक जनचेतनाका कार्यक्रम ल्याउने योजना बनाइएको मन्त्री श्रेष्ठले स्पष्ट पारेका छन् । उपचारात्मक कार्यका लागि प्रादेशिक अस्पताल र आर्युवेदिक केन्द्रबाट प्रभावकारी कार्य गरिने पनि मन्त्री श्रेष्ठको भनाई रहेको छ ।

जनस्वास्थ्यमा प्रभावकारी कार्यलाई अगाडि बढाइने र त्यसबाट निस्केका जटिलतालाई आवश्यक उपचार चाहिएको अवस्थामा स्वास्थ्य मन्त्रालयले समस्याको उपचार गर्ने निर्णय लिएको मन्त्री श्रेष्ठले बताए । स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवाप्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन आदि कार्यमा मन्त्रालय संबेदनशील रहेको मन्त्री श्रेष्ठले जानकारी दिएका छन् ।

# सूचना मागौं, भ्रष्टाचारको अन्त्य गरौं

साझाकुरा संवाददाता



हेटौंडा, ९ वैशाख/ सूचनाको हकका लागि राष्ट्रिय महासंघ, जिल्ला कार्यसमिति मकवानपुरको अध्यक्षमा गौरव श्रीवास्तव चयन भएका छन् । शनिबार हेटौंडामा सूचना मागौं, भ्रष्टाचारको अन्त्य गरौं भन्ने नाराकासाथ भएको साधारण सभाले श्रीवास्तवको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

उपाध्यक्षमा उपाध्यक्ष रोशन बल, सचिव नरवहादुर स्याङतान, कोषाध्यक्ष पार्वती सुबेदी चयन भएका छन् । त्यस्तै सदस्यमा समिता सुनार रसाइली, देबकुमार बल, विशाल लामा, दिपेशकुमार श्रीवास्तव, दिपेश सिंहं, प्रमेश हुमागाई, श्रीराम दहाल, माधव माझी, नीशा कर्ण चौधरी र सूर्यबहादुर गोले रहेका छन् । नयाँ कार्यसमितिका सदस्यलाई सूचनाको हकका लागि राष्ट्रिय महासंघ बागमति प्रदेश संयोजक तथा केन्द्रीय सदस्य गुलावकुमार चौधरीले सूचनाको हकसम्बधी ऐन र यसको कार्यान्वयनले सुशासनमा पार्ने सकारात्मक प्रभावबारे अभिमूखीकरण समेत प्रदान गरेका थिए ।

कार्यसमितिले सूचना माग गर्ने अभियानलाई नागरिकस्तर सम्म पुऱ्याउने निर्णय गरेको अध्यक्ष श्रीवास्तवले जानकारी दिए । राष्ट्रिय सूचना आयोगलगायत निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयन, प्रचलन भएको नभएकोबारे अनुगमनका लागि विद्यमान प्रावधानमा जिल्ला तहमा सूचनाको हकका लागि राष्ट्रिय महासंघको अनिवार्य प्रतिनिधित्व हुने गरी प्रावधान राख्न जिल्ला कार्यसमितिले स्थानीय सरकारसँग मागगर्ने अध्यक्ष श्रीवास्तवले बताए ।

सूचना माग्ने र पाउने प्रक्रियालाई सहज, छिटो र छरितो बनाउन सार्वजनिक निकायसँग विज्ञप्तीमार्फत ध्यानार्कषण गराइएको उनले बताए । सूचना मागकर्ताले यथाशीघ्र सूचना प्राप्त गर्न र समय सापेक्षित प्रविधिको प्रयोगमार्फत् सूचना छिटो उपलब्ध गराउनका लागि छिटोछरितो र प्रभावकारी प्रणालीको विकास गरी व्यवहारिक प्रयोगमा ल्याउन सम्पूर्ण सार्वजनिक निकायसँग आग्रह गरेका छन् ।

सूचनाको हकसम्बधी ऐन २०६४ को दफा ५ अनुसार सार्वजनिक निकायले सूचना अध्यावधिक प्रकाशन गर्नुपर्ने र दफा ६ ले सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यस्था हुँदा पनि अधिकांश सार्वजनिक निकायले ऐन नियमावलीले तोके बमोजिम विवरणहरु प्रकाशन नगरेको र अनुगमन गर्नपर्ने निकायले सो कार्यमा तीब्रता दिनुपर्ने विज्ञप्तीमार्फत् ध्यानाकर्षण गराएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# पालुङ बहुमुखी क्याम्पस-'नजिकको तीर्थ हेलाँ'

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित घलानले थाहानगरको शैक्षिक विकासको धरोहरको रुपमा रहेको पालुङ बहुमुखी क्याम्पसको विकासका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

पालुङ बहुमुखी क्याम्पसको २१ औं वार्षिकोत्सव तथा परिषद्भेलाका प्रमुख अतिथि रहेका घलानले शिक्षामा सहयोग जति गरेपनि अपुग हुने बताए । समस्याको बाबजुद स्थानीयले क्याम्पस टिकाइ रहेकोमा उनले धन्यवाद दिए । प्रमुख घलानले क्याम्पस संचालनको निम्ति नयाँ ढंगले सोच्नुपर्ने बताए ।

परिषद्भेलामा त्रिभुवन बिश्वबिद्यालयका प्रतिनिधि राजमान महर्जनले जीवन र जगतलाई बुझ्ने र समाजप्रतिको उत्तरदायित्व हुने शिक्षा नै आजको आवश्यकता भएको औंल्याए । उनले आर्थिक अभावले क्याम्पस बन्द हुन नदिने बताउँदै प्रविधिमैत्री शिक्षामा जोड दिन आग्रह गरे । यस्को लागि त्रिभुवन विश्वविद्यालय सहयोग गर्न तत्पर रहेको जानकारी गराए । थाहानगर उपप्रमुख भरत गोपालीले 'नजिकको तीर्थ हेलाँ' भन्ने उदाहरण पालुङ क्याम्पस भएको बताउदै क्याम्पसले गुणस्तरीय शिक्षा दिन्छ भन्ने सबैतिर सन्देश पुऱ्याउनु आजको आवश्यकता भएको औंल्याए ।

वार्षिकोत्सव समारोहमा क्याम्पस अध्यक्ष तथा थाहा नगर प्रमुख विष्णुबहादुर विष्ट 'आदर्श'ले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रममा क्याम्पसप्रमुख राजन मिश्रले क्याम्पसको वर्तमान अवस्था र भावी योजनाको प्रतिवेदन प्रस्तुत गरे । क्याम्पसका कोषाध्यक्ष बिमलकुमार ढकालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । भेलालाई क्याम्पस संचालक समिति उपाध्यक्ष सुरेन्द्रमान प्रधानले स्वागत गरेका थिए ।

क्याम्पस सञ्चालक समिति अध्यक्ष विष्टको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगर पालिका-६ का वडाअध्यक्ष तथा नगर शिक्षासंयोजक राजनभक्त श्रेष्ठ, नेपाली काँग्रेस नगरसभापति प्रमोदकृष्ण जोशी, नेकपा एमाले नगरसचिव सुजनकुमार रायमाझी, माओवादी केन्द्र नगरसचिव लक्ष्मण बिष्ट, संचालक समिति पूर्वउपाध्यक्ष श्यामभक्त श्रेष्ठलगायतले क्याम्पसले गरेको योगदानको चर्चा गरेका थिए ।

वार्षिकोत्सवको अवसरमा पालुङ क्याम्पसका स्ववियु पदाधिकारी लगायत परिषद् सदस्यहरु, क्याम्पस संचालक समितिका पदाधिकारी, विभिन्न संघसंस्था तथा विद्यालयका प्रधानाध्यापक, प्राध्यापक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

वार्षिकोत्सवको अवसरमा विभिन्न संघसंस्थाले प्रदान गर्ने छात्रवृत्ति प्रदान गरिएको थियो । विषयगत उत्कृष्ट प्राध्यापक सन्तोष हमाललाई बित्त विषयको लागि सम्मानित गरिएको थियो । उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुलाई प्रमुखअतिथि जिल्ला समन्वय प्रमुख घलानले कदरपत्र प्रदान गरेका थिए ।

# राप्रपा मकवानपुरको प्रवक्तामा बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा नेपाल मकवानपुरले रिक्तपदमा चारजनालाई मनोनित गरेको छ । आइतबार बसको पार्टी जिल्ला कार्यसमितिको बैठकले चारजनालाई रिक्तपदमा मनोनित गरेको पार्टीका सचिव भृगु कार्कीले जानकारी दिए ।

राप्रपा नेपाल मकवानपुर अध्यक्ष गुरुप्रसाद सापकोटाले रिक्त रहेको प्रवक्ता पदमा प्रल्हाद बानियाँ, ईन्दिरा पाठकलाई सहकोषाध्यक्षमा र दुईजना सदस्यमा गीता सापकोटा र भगवान बर्तौलालाई मनोनित गरेका हुन् । यसअघि नै ४० सदस्यीय जिल्ला समिति गठन भएपनि चार पद रिक्त रहेको थियो । मनोनित हुनेको पद आगामी महाधिवेशनसम्म रहने बताइएको छ । राप्रपा नेपालले आगामी फागुन महिनामा अधिवेशन गर्ने गरी तयारी थालेको अध्यक्ष सापकोटाले बताएका छन् ।

आइतबार बसेको बैठक्ले मकवानपुरका सबै स्थानीय तह र वडातहमा समिति गठन गर्न आवश्यक तयारी थाल्ने निर्णय गरेको सचिव कार्कीले बताए । यस्तै पार्टीका पुराना सदस्यलाई फेरि पार्टीमा जोड्ने गरी तयारी थाल्ने उनले जानकारी दिए ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time

25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# खेतीयोग्य जमिनको माटो सुधारौं

बागमती प्रदेशको ८० प्रतिशत खेतीयोग्य जमिनको माटोमा विगत चार वर्षदेखि ८३ प्रतिशतसम्म अम्लियपना देखिएको छ । माटो तथा मल परीक्षण प्रयोगशाला, बागमती प्रदेशले २०७६ देखि गरेको माटो परीक्षणको तथ्यांकले अम्लियपना नियन्त्रणमा आउन नसकेको देखाएको हो । बागमती प्रदेशको २० लाख ३० हजार हेक्टर क्षेत्रफलमध्ये ३ लाख २८ हजार २ सय ९७ हेक्टर अर्थात् १६ दशमलव १७ प्रतिशत भूभाग जमिन खेतीयोग्य छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअनुसार जसमा २ लाख ८९ हजार ६ सय ६२ हेक्टर जग्गामा खेती गरिएको छ । यहाँको उर्वरा जमिनमा अम्लियपना हरेक वर्ष ८० प्रतिशतको दरमा देखिएको प्रयोगशालाले जनाएको हो । अम्लियपनाका कारण कृषिउत्पादनमा निरन्तर ह्रास आइरहेको कृषिविज्ञहरु बताउँछन् । २०७६ देखि चैत तेस्रो सातासम्म १५ हजार ५ सय ८८ वटा माटोको नमूना परीक्षण गर्दा ८० प्रतिशत माटोमा अम्लियपना देखिएको बताइएको छ । प्रयोगशालाले २०७६ देखि २०७९ सम्म १० हजार ६ सय ४१ वटा माटोको नमूना परीक्षण गरेकोमा ८३ प्रतिशत माटोमा अम्लियपना देखिएको उनले बताए । चालू आर्थिक वर्ष २०८०/८१ को चैत तेस्रो सातासम्म ४ हजार ९ सय ४७ वटा माटोको नमूना परीक्षण हुँदा ८७ प्रतिशत अम्लियपना देखिएको तथ्यांक छ ।

एकपटक माटो परीक्षण गरेपछि ५ वर्षसम्म पुन:परीक्षण नगरिने बताइएको छ । अम्लियको परीक्षण एकपटक नियन्त्रणका उपाय गरिसकेपछि कम्तिमा पनि ५ वर्ष गर्नुपर्दैन । नयाँनयाँ माटोको परीक्षण गर्दा अम्लिय एउटै दरमा देखिएको छ । माटोमा बढी अम्लियपना काठमाडौं उपत्यकासहित काभ्रे, मकवानपुरको उत्तरीक्षेत्र, चितवन, नुवाकोट र धादिङमा देखापरेको प्रयोगशालाले जनाएको छ । तरकारी उत्पादन बढी हुने क्षेत्रमा विषादिको प्रयोग अधिक, काठमाडौंको ढल बगेर पुग्ने जग्गा भएकाले, वर्षातको पानी बगेर जम्मा हुने गहिरो भूमागमा बढी अम्लियपना देखिएको छ । माटोमा खाद्यतत्व हुँदापनि अम्लीपयनाले विरुवा डढ्ने, उम्रिने बित्तिक्कै मर्ने/सुक्ने समस्या देखिने उनले बताए । रसायनिक मल र विषादिको बढ्दो प्रयोग, वर्षातको पानी बगेर सीधै खेतीयोग्य जग्गामा घुल्नुले अम्लियपना बढाएको कृषि विकास निर्देशनालय बागमती प्रदेशका निर्देशक सुधीर श्रेष्ठले जनाए । वर्षातको पानी भेल बनेर आउँदा त्यसलाई सीधै खेतीयोग्य जग्गामा जानबाट रोक्नुपर्ने उनले सुनाए । रसायिनक मललाई घटाएर जैविकमलको प्रयोग बढाउने, वर्षात्को पानी रोक्ने र कृषिचुनको प्रयोगले यसलाई नियन्त्रणमा ल्याउन सकिन्छ । अम्लियपना बढ्नु र प्राङ्गारिक पदार्थको मात्रा घट्नुले उत्पादकत्वमा ह्रास भएको श्रेष्ठ बताउँछन् । २०७६ देखि ०७९ सम्मको नमूना परीक्षणबाट माटोमा ४७ प्रतिशत मात्रै प्राङ्गारिक पदार्थ पाइएको छ ।

चालू आवको परीक्षणमा ५३ प्रतिशत कमी देखिएको छ । उत्पादनको क्षमता बढाउने प्राङगारिक पदार्थ माटोमा कमी हुनु दोस्रो ठूलो समस्याको रुपमा देखापरेको उनको भनाई छ । गाईवस्तुको मलमा कमी आउनु, झार माटोमै कुहाउन छोड्नु, भाडामा जग्गा लिनेहरुले गाईवस्तुको मल नहाल्नुले माटोमा प्राङ्गारिक पदार्थको कमी देखिएको बिज्ञहरु बताउँछन् । माटोमा पाइने नाईट्रोजन, पोटास र फस्पोरसको मात्रा भने स्थिर देखिएको छ । खाद्यतत्व फस्फोरस र पोटासको मात्रा ३० प्रतिशत कमी देखिएको छ । प्रयोगशालाले प्रदेशका विभिन्न जिल्लामा घुम्ती शिविर गरी माटो परीक्षण गर्दै आएको छ । दुईवटा बसलाई मोबाइल भ्यान बनाएर खेतमै पुगेर परीक्षण गर्ने गरिएको छ । माटोको अम्लियपना नियन्त्रणसँगै उत्पादन बढाउने उपायबारे कृषि पेशाबाट आत्मनिर्भर साना किसानहरु अनविज्ञ रहेको पाइएको छ । संघ मात्र नभई स्थानीय सरकार पनि सानाकिसानमा पुग्न सकेका छैनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ११ गते मंगलबार २३ अप्रिल २०२४ । पूर्णिमा, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:३३ । लोकतन्त्र दिवस । बालाजुमा २२ धारा स्नान मेला । हनुमान जयन्ती । पुर्णिमा व्रत । विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मित्रताले हर्ष बढ्नेछ | तुला | : सहयोगीले असहयोग गर्नेछन् |
| वृष | : कामको तारिफ हुनेछ | वृश्चिक | : पढाइमा प्रगति हुनेछ |
| मिथुन | : अरुको मन लोभ्याउन सकिनेछ | धनु | : समस्या दोहोरिन सक्नेछ |
| कर्कट | : दाम कमाउने बेला छ | मकर | : घरेलु काममै अलमल हुनेछ |
| सिंह | : प्रयत्न निरर्थक हुनेछ | कुम्भ | : भूमिबाट लाभ लिने समय छ |
| कन्या | : व्यावसायिक काम बन्नेछ | मीन | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |

# सत्ताको दुर्गन्ध र असम्पर्कित प्रतिपक्ष



✍ मेखराज उदय

नेपाली राज्य-सत्ताको चरित्र कस्तो छ ? नागरिक अनुमोदनद्वारा निर्माण गरिएको वर्तमान संविधान, यसका उपलब्धि तथा सीमा के हुन् ? वा संविधानका सबल/दुर्बल पक्ष के के हुन् ? अझ भनौं यही संविधान बमोजिम मुलुकलाई कति वर्ष अगाडि बढाउन सक्छौं ? यी आदि प्रश्नहरूको गम्भीर समीक्षा सहित युवा शक्ति (विभिन्न वर्ग–समुदायका) लाई यथोचित जवाफ दिने जमर्को नगर्ने हो भने देशले तरक्की गर्ने अर्को कुनै सम्भावना देखिदैन । मुलुकमा हरेक क्षेत्रमा देखिएका निराशा, असफलता, अन्योल, सम्भावनाहीनता र भविष्यमाथिको अन्धकार सपनाबाट निकास निकाल्नु हामी सबैको दायित्व हो ।

अक्षम नेतृत्वद्वारा मुलुक र निराश जनता शासित छ । नागरिकले आवधिक निर्वाचनमा ती अक्षम नेतृत्वलाई मतदान गरी निर्वाचित गराउँदै आएका छन् । त्यसैको आधारमा संसद्मा अक्षम दल र तिनका असफल नेता सत्ताको दुर्गन्ध फैलाइरहेका छन् । त्यसैलाई नेपाली जनता, विश्व समुदाय लोकतन्त्र मानिदिन अभिशप्त छन् । मुलुक र जनताले चाहेको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्ष, समावेशी र समानता सहितको समृद्ध नेपाल के यही हो ?

होइन भने, चाहेको प्रगतिशील, अग्रगामी, समाजवादी र विभेद रहित समृद्ध नेपाल किन बनेन ? वा अद्यापि बन्ने बाटोमा हामी किन छैनौं ? यी प्रश्नहरूको जवाफ सरकार, संसद्, संसद्मा उपस्थित जिम्मेवार दलहरूले दिनुपर्दैन ? पर्छ भने, जवाफ खै त ? अहिलेको मुलुकको प्रधान समस्या गरिबी, बेरोजगारी, अशिक्षा, विभेद, असमानता आदि भन्दा पनि जटिल जनताको मनमा गडेको अविश्वास, निराशा, भरोशाहीनता र भविष्यमाथिको अन्धकार दृष्टि नै हुन् । यस्तो जटिलतामा सत्ताको निम्ति राजनीतिक दलहरूको दुर्गन्धित स्वार्थ र कहिल्यै जनताको बलियो शक्तिका रूपमा उभिन नसक्ने प्रतिपक्षी दलका कारण हामी समस्यामा पर्दै आएका छौं । अब यसरी मुलुक, संविधान, व्यवस्था र राज्य चल्न सक्दैन । त्यसो हो भने अब गर्ने के त ? समाधानतर्फ ध्यान केन्द्रित गरौं ।

### जसरी पनि सत्ताको दुष्परिणाम

नेपालको संसदीय व्यवस्था पुन: दुर्गन्धित बन्ने बाटोमा उद्यत देखिन्छ । आम चुनाव २०७९ मा जुन मत परिणाम प्राप्त भयो, त्यसलाई बिडम्वनापूर्ण मान्न सकिन्छ । स्मरणरहोस्, चुनावअघि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जसपा, माधवकुमार नेपाल समूह आदि सहितको चुनावी गठबन्धन बनेको थियो । त्यो गठबन्धनको परिणामस्वरुप कांग्रेस सबैभन्दा ठूलो दल, नेकपा एमाले दोस्रो र माओवादी तेस्रो दल बन्न पुगे ।

कांग्रेस पहिलो दल बनेतापनि उसको एकल बहुमत आएन । एमाले दोस्रो बने पनि कांग्रेस भन्दा धेरै सानो बनेन । तर माओवादी केन्द्र भने निकै कमजोर तेस्रो दल बन्न पुग्यो । यस्तो अवस्थामा माओवादी र त्यसका नेता पुष्पकमल दाहाललाई भने सत्ता बार्गेनिङका लागि महत्वपूर्ण अवसर प्राप्त भयो ।

ज्ञातव्य नै छ, तत्कालीन समयमा कांग्रेसले दाहालका निम्ति प्रधानमन्त्री पद सजिलै नछाड्ने परिस्थिति देखा परेपछि दाहाल एमाले अध्यक्ष केपी शर्मा ओलीसँगको परम्परागत वैमनश्यताको पर्वाह नै नगरी केवल प्रधानमन्त्री पदका निम्ति हातेमालो गर्न हतारिए । फलस्वरुप एमाले, रवि लामिछाने नेतृत्वको रास्वपा, राप्रपा, जसपा आदि दल सम्मिलित नयाँ सत्ता गठबन्धन तयार पार्दै दाहाल प्रधानमन्त्री बन्न सफल भए । यो परिस्थितिसम्मलाई राजनीतिक दृष्टिबाट हेर्दा दाहालको कदमलाई सामान्य सत्ता चतुर्‍याईंका रूपमा मान्यता प्रदान गर्न सकिन्थ्यो ।

एमाले सहितको नयाँ गठबन्धनको समर्थनमा प्रधानमन्त्री बनेका दाहाल पुन: प्रमुख प्रतिपक्षीमा धकेलिन पुगेको नेपाली कांग्रेस सहितको पुरानै गठबन्धनका प्रिय पात्र बन्न पुगे । प्रधानमन्त्री बन्न सहयोग दिएको एमालेसँग के र कस्तो बाध्यताका कारण गठबन्धन तोड्न उनी अग्रसर भए ? अनपेक्षित सत्ता सहयात्री फेरेका प्रधानमन्त्री दाहालले कुनै प्रमाणित तथ्य र सामान्य राजनीतिक तर्क समेत दिनुपर्ने आवश्यकता ठानेनन् । अर्थात् सत्ता गुमाउन पुग्दा रन्थनिएको कांग्रेसलाई राहत नै मिल्यो ।

कांग्रेसलाई राष्ट्रपतिको पद थमाएर दाहालले गुन लगाए । कांग्रेस सहितको समर्थनमा केन्द्रदेखि प्रदेशसम्म नयाँ सत्ता गठबन्धन बन्यो र सोही बमोजिमका केन्द्रीय मन्त्रीहरूदेखि प्रदेश मुख्यमन्त्रीहरू बने । तर प्रधानमन्त्री पुष्पकमल दाहाल त्यत्तिकैमा अडिएनन् । गत वर्ष फागुन अन्त्यमा उसै गरी सत्ता सहयात्री दल कांग्रेसलाई कुनै संकेत समेत नगरी हठात् एमालेसँग सत्ता सहयात्राको पुन: प्रारम्भ गर्ने निर्णयमा पुगे ।

स्मरणीय के छ भने, सत्ता गठबन्धनका कारण उनको प्रधानमन्त्री पदमा तत्काल कुनै संकट आइपरेको अवस्था थिएन । भइरहेकै गठबन्धनमा पद, काम गर्ने सहज वातावरण र सहयोग (बहुमत) प्राप्त गर्दै रहेको परिस्थितिमा एक कार्यकारी प्रधानमन्त्रीले सत्ता गठबन्धन परिवर्तन गर्नुपर्नाका कारण सार्वभौम संसद् र नेपाली जनतालाई स्पष्ट गर्नु पर्दैन ? के यो संसदीय व्यवस्था गैरजिम्मेवार र नैतिक हिसाबले पतितहरूको व्यवस्था हो ? या सत्ता स्वार्थका निम्ति गैर-संसदीय तथा भ्रष्ट दल र तिनका नेतृत्वद्वारा व्यवस्था, संविधानको धज्जी उडाउने घृणित कार्य भइरहेको छ ? अथवा गैर-संसदीय दलहरूको संसद्मा बाक्लो उपस्थिति रहनुको दुष्परिणाम हो यो ?

नेपालको राजनीतिक, सामाजिक र आर्थिक समस्या यथावत् छन् । एकातर्फ मुलुक र जनताले प्राप्त गरेका युगान्तकारी परिवर्तन एवं उपलब्धिको रक्षा गर्दै ती संवैधानिक हक कार्यान्वयन गरेर अग्रगामी युगतर्फ अगाडि बढाउनुपर्ने आवश्यकता छ । त्यो भनेको माओवादी सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलन २०६२/६३, मधेश विद्रोह, दलित आदिवासी जनजाति, महिला आदि समुदायका आन्दोलनहरूद्वारा प्राप्त उपलब्धि संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी र समानता, नागरिक अधिकारका महत्वपूर्ण आधार र उपलब्धिहरू हुन् ।

ती उपलब्धिको साझा दस्तावेज भनेको वर्तमान संविधान हो । अत: यो हाम्रो संविधानलाई मूल आधार मानेर थप नागरिक हक, जनता र मुलुकलाई समृद्ध बनाउनेतर्फ अग्रसर गराउनु यो युगको सबैभन्दा प्रमुख काम हो । नेपाली जनताको यो अत्यन्त महत्वपूर्ण जिम्मेवारी र दायित्व पूरा गर्न संसद् र सरकारमा योग्य तथा सक्षम दल र नेताको उपस्थिति जरूरी हुन्छ ।

अहिलेको संसद्मा विभिन्न वैचारिक दृष्टिकोण बोकेका राजनीतिक दलहरूको उपस्थिति रहेको भएतापनि व्यावहारिक लक्ष्य भने सत्ता-स्वार्थ मात्रै रहेको देखिन्छ । यो संविधानलाई बाध्यात्मक परिस्थितिमा मात्रै स्वीकार गरेकादेखि संविधानको खारेजी चाहनेसम्मका चरित्र वा दृष्टिकोण राख्ने दलहरूको संसद्मा कमी छैन । संविधानको इमानदारीपूर्वक कार्यान्वयन चाहने र समयानुकूल संशोधनको प्रक्रियालाई आत्मसात् गर्ने शक्तिको अभाव खट्किएको प्रष्ट छ ।

हाल संघीय (केन्द्रीय) सरकार तथा प्रदेश सरकार वा दुवै संरचनामा देखा परेका राजनीतिक अस्थिरता र कतिपय संवैधानिक संकटको समेत प्रमुख कारण माओवादी केन्द्र र त्यसका अध्यक्ष पुष्पकमल दाहालको अति सत्तामोह र अस्थिर चरित्र नै हो ।

कतिसम्म भने, सशस्त्र द्वन्द्वका घोषित सुप्रिम कमाण्डर कामरेड दाहाल यति अस्थिर, पदलोलुप, जातिवादी तथा अक्षम छन्, त्यस्ता व्यक्तिले त्यो हिंसात्मक क्रान्तिको नेतृत्व कसरी गरे होलान् भन्ने सवाल उठ्नु अस्वाभाविक लाग्दैन । उनको पद, शक्ति, सम्पत्ति र परिवार मोहका कारण देशका निम्ति भनेर युद्धमा होमिएका र जीवन आहुति दिएका जनताको योगदानको अवमूल्यन भएको छ ।

संघीयता असफल गराउन महत्वपूर्ण भूमिका संविधान निर्माण गर्ने दलहरू, क्रान्तिकारीको ढोंग गर्ने दाहाल नेतृत्वको सरकार र दल साथै कांग्रेस, एमालेको छ । लोकतान्त्रिक गणतन्त्रको समेत हुर्मत लिएर असफलताको बाटोका पुऱ्याउने यिनै दल र तिनका जिम्मेवार नेतृत्व हुन् ।

अब संविधानलाई आधार मानेर थप अग्रगामी बाटोमा अघि बढाउन सक्ने दल वा शक्तिको एक ुवीकरण र अन्य संविधान विरोधी तथा अझ पश्चगामी दिशातर्फ मुलुक र जनताको भविष्य बर्बादीतिर डोऱ्याउने शक्ति गरी दुई ध्रुव बन्ने छन् । यसरी राजनीतिको दुई ध्रुव निर्माण गरी मुलुक र जनताको सही शत्रु को हुन् छुट्याउने बेला निकट आउँदैछ ।

### संसद्मा प्रतिपक्षीको सम्पर्कविहीनता

सत्ता-स्वार्थका कारण संघीय सरकार देखि प्रदेश सरकारसम्मका अस्थिरता, कमजोर प्रतिफल, अक्षमता देखिँदै आइएको हो । दलहरू सरकारमा रहँदा जति निकम्मा, असफल र अयोग्य सावित बन्ने गरेका छन्, प्रतिपक्षमा र हँदा असम्पर्कित नै देखिने गरेका छन् । देशको ठूलो लोकतान्त्रिक दल भनिने नेपाली कांग्रेस प्रतिपक्षीको भूमिकामा सधैं भूमिकाविहीन नै देखिने गर्दछ । संसदीय लोकतन्त्रमा प्रतिपक्षी दलको संसद्मा सबैभन्दा बढी जिम्मेवारी रहन्छ । भनिन्छ, संसद सत्ताको होइन, प्रतिपक्षीको हुने गर्दछ । सत्तालाई मात्रै अभीष्ट ठान्ने एवं सत्ता बाहिर रहँदा भूमिका, राष्ट्रिय र नीतिगत निर्णयहरूमा समेत लज्जास्पद बोली परिवर्तन गर्न समेत पछि नपर्ने कांग्रेसको सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गरेको कुनै विगत, इतिहास वा आगत छैन ।

देशको दोस्रो र वामपन्थबाट लोकतान्त्रिक बन्ने बाटोमा रहेको नेकपा एमालेको हालत कांग्रेसको भन्दा घृणित छ । २०५७ सालमा ५७ दिन संसद अवरोध गरेको एमालेले २०७८ सालमा ८६ दिन संसद अवरोध गरेर लज्जास्पद इतिहास निर्माण गऱ्यो । संसद् अवरोधको खराब रेकर्ड बनाएको एमालेले २०७८ सालमा जब प्रधानमन्त्री केपी शर्मा ओलीको दोस्रो पटकको असंवैधानिक संसद् विघटनको निर्णय पनि अदालतले पुन: उल्ट्याइदियो, प्रमुख प्रतिपक्षमा धकेलिएको एमालेले सत्ता त्यागनु पर्नाको कुण्ठा पोख्न विना कारण लामो संसद् अवरोध गऱ्यो ।

संसद्को एक पूरा अधिवेशन अवरोध गरेको एमाले र त्यसका अध्यक्ष ओलीले विना कारण संसद्को अवरोध अन्त्य गरे । तथापि त्यो राजनीतिक अपराधको कुनै प्रायश्चित गर्ने वा माफी माग्ने कुनै कार्य नहुनु बिडम्वना हो । नेपालको राज्य-सत्ता, सरकार, संसद् असफल, एकल जातिवादी, अक्षम र असफल देखिनुका मुख्य कारण एवं आधारहरू सत्तामा दल र तिनका नेतृत्व अयोग्य हुनु मात्रै होइन, बरु त्यत्तिकै जिम्मेवार प्रतिपक्षी दल असम्पर्कित बन्न पुग्नु समेत हो । अबको संसद्मा शेरबहादुर देउवा नेतृत्वको प्रतिपक्षी दलको भूमिका धेरै आशावादी बन्न सक्ने आधार नभेटिने भए पनि पूरा कार्यकाल हेर्न भने बाँकी नै छ ।

*(साभार: अनलाइनखबर)*

# प्रतिवेदनमा डा.साबहरुको लर्कोले दिएको सन्देश

✍ बालकृष्ण मैनाली

देश पछिल्लो समय यो अवस्थामा आइपुग्दासम्म पनि आ-आफ्नो दलीय हुङ्कारहरुले जनजनलाई प्रभावित पार्ने प्रयास गरिरहेका छन् । राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म, सभामुखदेखि न्यायालयसम्म, राजावादीदेखि छिमेकी देशका विभिन्न नामबाट आउने व्यक्तिसम्म, अभियन्तादेखि नागरिक समाजसम्म, वकिलदेखि व्यापारीसम्म, निर्वाचित स्थानीय जनप्रतिनिधि, संघ र प्रदेशको प्रतिनिधित्व गर्न लागिपरेकादेखि निर्वाचित हुन नसकेका उम्मेदवारहरुसम्म, सत्ताधारी दलदेखि, प्रतिपक्षी बन्न नसकेका दलहरुसम्म, वैकल्पिक धारका व्यक्तिदेखि यथास्थितिवादीसम्मका आ-आफ्ना हुङ्कारहरु यथावत् नै छन्। नेपाली जनजन वर्तमानमा 'थाल खाऊँ कि भात खाऊँ' भन्ने चिन्ताले पिरोलिन परिरहेको यथार्थताको जानकारी हुँदाहुँदै पनि उल्लिखित पात्रहरुमा अझै चेत खुल्न सकेको छैन । अझै पनि देशको राजनीति ठीक ठाउँमा आउने हो कि होइन भन्ने कुराले सबै जनहरुलाई पिरोल्न थालेको छ । बेला कुबेला सैनिकले राज्य कब्जा गर्नुपर्ने आवाजहरुसमेत उठ्न थालेका छन् । यस्ता खाले अवस्था सिर्जना हुँदै जानु र त्यसले मलजल प्राप्त गर्दै जानु भनेको देशको लागि शुभसंकेत होइन ।

जनजनले पूर्वदेखि वर्तमानसम्मका सत्तासीनहरुलाई जनहितको लागि हुङ्कार भर्न र सोअनुसार कामहरु गर्न आवश्यकताभन्दा पनि बढी दिएको मतलाई राजनीतिक व्यापारीहरुले कहिल्यै सदुपयोग गर्न सकेनन्। आफ्नो स्वार्थ र आफ्नो गुटको मात्रै पक्ष लिई हुङ्कार गर्ने, सोही अनुसार कदम चाल्दै जाने दुर्मतिले गर्दा देश वर्तमान स्थितिमा भासिन पुगेको हो। दलीय व्यवस्था भित्रिएदेखि नै देशको महत्वपूर्ण अंगको रुपमा रहेको त्रिभुवन विश्वविद्यालय थुप्रै पटक विवादित बन्यो।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की अध्यक्ष तथा डा. उपेन्द्र देवकोटा सदस्य र सहसचिव सूर्यप्रसाद गौतम सदस्य सचिव रहेको प्रतिवेदन शिक्षा मन्त्रालयले २०८० को चैत्र २८ मा सार्वजनिक गरेको थियो । त्यति बेलाको सरकारले यो विषयलाई गम्भीरतापूर्वक लिएर २०७४ वैशाख ४ गते राजपत्रमा सूचना प्रकाशित गरेर चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो । उक्त प्रतिवेदन तयार पार्न आठ महिनाको समय लागेको थियो । प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएपछि तत्कालीन सरकारले तत्काल सार्वजनिक गरी त्यसमा के-कसो भएको हो, कस-कसको बदमासी देखिएको हो, सबै कुरा जनजनलाई सुसूचित गराउनुपर्ने थियो । सरकार आफैँले त्यो प्रतिवेदन ६ वर्षसम्म लुकाएर राख्यो । शिक्षामन्त्री सुमना श्रेष्ठले उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय लिएसँगै सार्वजनिक पनि गरेरै छाडिन्, जसका कारण शिक्षामन्त्री सुमना श्रेष्ठ जनजनमार्फत धन्यवादको पात्र बनेकी छिन् ।

प्रतिवेदनले ४२ जना पदाधिकारीहरुलाई कार्यवाही गर्नुपर्ने कुरा औंल्याएको छ। जसमा तत्कालीन दुईजना उपकुलपतिहरुलाई पनि कार्यवाही गरिनुपर्ने प्रतिवदेनले सिफारिस गरेको छ। कारबाहीको सिफारिसमा पर्ने प्रा.डा.को संख्या ११ र डा.को संख्या १९ जना रहेको छ । त्यति मात्र होइन, यो विषयमा तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीसमेतलाई प्रतिवेदनले दोषी देखाएर कार्यवाहीको सिफारिस गरेको छ भने कानुनका ज्ञाता भनिने वा मानिने वकिल पनि अछूतो देखिँदैनन्। वास्तवमा राजनीतिक अंग र शैक्षिक अंगहरुका छुट्टाछुट्टै विशेषता हुन्छन्।

राज्यका राजनीतिक अंगहरुदेखि बाहेक अन्य राज्यका स्वतन्त्र रहनुपर्ने शैक्षिक अंगहरुमा पनि राजनीतिले प्रश्रय पाउनु वा यो वा त्यो नाउँबाट राजनीतिक रुचिहरुलाई आधार मानेर शैक्षिक अंगहरुको निर्णयहरुमा हस्तक्षेप गर्नु/गराउनको लागि प्रत्यक्ष/अप्रत्यक्ष भूमिका खेल्नु भनेको देशलाई थप अस्थिरतातिर धकेल्नु नै हो। यो विषयमा जानकारी नभएको कुनै पनि दलका नेता तथा कार्यकर्ताहरु छैनन्। तर विडम्बना ! एकातिर विगतदेखि वर्तमानसम्मका स्वार्थप्रेरित क्रियाकलापहरुको कारणले राजनीतिक भागवण्डाका कारण त्रिभुवन विश्वविद्यालय जुन विश्वमा नाम कमाइसकेको शैक्षिक संस्था थियो वर्तमानमा धाराशायी अवस्थामा पुग्यो भने अर्कोतिर त्यो स्तरसम्मको विद्वान् कहलाइएका विदुषीहरु लाजले शिर निहुँराएर हिँड्नुपर्ने अवस्था सिर्जना हुन पुग्यो ।

देशको लागि योभन्दा लज्जास्पद विषय अरु के हुन सक्ला ? कुरा यतिमा मात्र सीमित र हेन, अर्थात् त्यति बेला प्रधानमन्त्री शेरबहादुर देउवालाई उक्त प्रतिवेदन बुझाइएको थियो र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले उक्त प्रतिवेदनलाई कार्यान्वयन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएकोमा पनि तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखरेलले उक्त प्रतिवेदन लुकाएर राखेको कुरा पनि पछिल्लोपटक खबर बजारमा सार्वजनिक भएको छ । वास्तविक तथ्य के हो, त्यो कि त त्यति बेलाका प्रधानमन्त्रीलाई थाहा होला या त्यति बेलाका शिक्षामन्त्रीलाई थाहा होला ।

यता केही समयदेखि राजनीतिक माफीनामाहरुमार्फत अपराधबाट उन्मुक्ति प्राप्त गर्ने प्रचलन व्यापकरुपमा बढ्दै गएको कुरामा जनजन अनभिज्ञ छैनन्। राजनीतिक माफीनामाको पछिल्लो एउटा रुप यो घटनालाई पनि लिन सकिन्छ । प्रत्यक्ष, अप्रत्यक्ष माफिनामाकै कारण ६ वर्षसम्म यो प्रतिवेदनलाई सार्वजनिक गर्नबाट लुकाइएको भन्ने कुरामा कसैको विमति छैन । अपराधबाट प्रायश्चित्त गरी आफ्नो कामबाट भविष्यमा कुनै आपराधिक घटना हुन नदिने र कथित कुनै पनि घटना लागेको आपराधिक घटनालाई रोक्न प्रयत्नशील रहने प्रण गर्दै आफ्नो आचरण सुधारिएको सन्देश कहिले प्रवाह हुन्छ ? त्यसको कुनै टुंगो छैन। कानुनका दफाहरु र संविधानको धाराहरुको सदुपयोग कहिलेदेखि शुरु हुन्छ ? त्यसको पनि कुनै टुंगो छैन। राजतन्त्रमा पनि यी र यस्ता किसिमका प्रक्रिया जारी नरहेको होइन तर राजतन्त्रमा सीमितरुपमा रहेको यस्ता किसिमका कार्यहरुलाई बहुदल र गणतन्त्रले देशमा प्रवेश पाएपछि झन् झाङ्गिँदै गयो । राजतन्त्रवादीहरुको पछिल्लोपटक मनोबल बढ्दै जानु र तत् दलका कार्यकताहरु पनि आफूले सहयोग गरेको दलभन्दा राजतन्त्र नै ठीक भन्नुपर्ने बाध्यतामा पुग्नु यसैको परिणति हो ।

देशलाई राजनीतिक व्यवसायीहरुमार्फत लाग्न पुगेको रोगबारे सबै जानकार छन् । मात्र खाँचो भनेको उक्त रोगको उपचार गर्ने इमानदार डाक्टरको नै हो । सबैलाई विदितै भएको कुरा हो संवैधानिक परिषद्जस्तो उच्च निकायले पनि भागवण्डाको राजनीतिलाई प्रश्रय दिन्छ भने राज्यका अरु अंगको के कुरा गर्नु। संवैधानिक परिषद्को काम नै राज्यको महत्वपूर्ण अंगहरुमा नियुक्तिको लागि संवैधानिक परिषद्को बैठक बस्ने गर्दछ, जुन बैठकलाई एकदम महत्वपूर्ण मानिन्छ। त्यस्तो बैठकले समेत संवैधानिक पदाधिकारीहरुको नाम सिफारिस गर्दा सबैको संलग्नतामा पटक-पटक संविधानकै गम्भीर उल्लंघन गर्दछ र त्यससम्बन्धी समाचारहरु बारम्बार खबर बजारमा आइनै रहेको हुन्छ भने योभन्दा राज्यको निकम्मा के हुन सक्ला ? राज्यको हरेक अंगलाई स्वतन्त्रता राख्ने सवालमा देखा परिरहेको विचलनविरुद्ध हस्तक्षेपकारी भूमिका खेल्न दलीय नेतृत्वहरु कोही पनि देखा परिरहेको छैन ।

देशको प्रधानमन्त्रीदेखि राजनीतिक रुपमा भूमिका निर्वाह गरिरहेका पक्ष-विपक्षका प्रत्येक राजनीतिक अंशियारहरु चाहे ती छुट्टिएर बसेका हुन् वा संयुक्त भएर, जहाँ जसरी बसेका भए पनि हरेक अंगमा हस्तक्षेपकारी भूमिका खेल्ने बानी परेका कारण विद्वान् जन्माउने विश्वविद्यालयहरुमा पनि घृणित राजनीतिक खेल खेल्न अप्ठ्यारो मान्ने कुरै भएन । राजनीति गोटीमार्फत विद्वान् प्रा.डा र डा.हरुलाई आ-आफ्नो नियन्त्रणमा राख्ने सके सदैव आफू सुरक्षित रहने राजनीतिक व्यवसायीहरुको कुत्सित बुझाइले विद्वान्हरुको समूह चाहेर वा नचाहेर यो भड्खालोमा फस्न पुग्यो । कम्तीमा विद्वान्हरु देशमा प्रचलित कानुनहरु धज्जी उड्ने कुरामा सहभागी हुँदैनथे, यदि कुनै काम गर्नुपरे पनि कानुनको दफाले बाधा, अड्चन देखाएको अवस्थामा सम्बन्धित कानुन संशोधनको लागि सुझाव पेश गरिन्थ्यो होला भन्ने जनजनको अनुमान थियो । अन्तत: जनजनको अनुमान गलत ठहरिन पुग्यो ।

कानुनको शासन भनेको नै कानुन विपरीत कार्य नगर्नु हो । कुनै पनि विषयसँग सम्बन्धित कुरालाई कानुनमा व्यवस्थित गरिएको छैन भने त्यसको सदुपयोग वा दुरुपयोगले खासै आर्थ राख्दैन । कुनै कानुनमा व्यवस्था नगरेको विषयको दुरुपयोग बढी हुन पुगेमा त्यसलाई कानुनमा व्यवस्था गरी दुरुपयोग रोक्नु हो । लागूऔषध नियन्त्रण ऐन देशमा लागु हुनुभन्दा पूर्व लागूऔषध सेवनकर्ताहरु निर्धक्क र निर्भिक भएर प्रयोग गर्थे । लागूऔषध शरीरलाई हानिकारक हो भन्ने कुरा जान्दाजान्दै पनि प्रयोग गरिरहेका हुन्थे । लागूऔषध नियन्त्रण ऐन देशमा लागू भएपछि लागूऔषधहरु निर्भिक तथा खुल्लारुपमा प्रयोग हुनमा बन्देज लाग्यो । जबर्जस्ती प्रयोग गर्नेहरुले कानुनी सजाय भोग्न पुगे । कानुनले कुनै कानुन विपरीत कार्य गरेबापत मृत्युदण्डको व्यवस्था गरेको देशमा उक्त कानुन विपरीत कार्य गर्नेलाई मृत्युदण्ड दिइएको कुरामा सबै जन जानकार छन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बागमतीमा भाषा बिधेयक बैशाख २४ देखि कार्यान्वयमा जाने

साझाकुरा संवाददाता



हेटौंडा, ९ वैशाख/ बागमती प्रदेशमा बहुसंख्यकले बोल्ने तामाङ र नेपाल (नेवारी) भाषालाई सरकारी कामकाजको भाषाकारुपमा बैशाख २४ देखि कार्यान्वयन भएको घोषणा गरिने छ । भाषा विधेयकलाई कार्यान्वयन गर्न विज्ञ समूह बनाएर ११९ स्थानीय तह र ११२१ वडामा कार्यान्वयनमा लैजाने गरी अगाडि बढाउने तयारी गरिएको बताइएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले कला, संस्कृति संरक्षण गर्ने ऐन तत्काल बनाउने घोषणा गरेका छन् । नेवा:राष्ट्रिय मुक्तिमोर्चा नेपालसँग आइतबार हेटौंडामा भएको छलफलमा मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेशभित्र रहेका कला, संस्कृति संरक्षण गर्ने ऐन आगामी साउन, भदौभित्र पास गरेर अगाडि बढ्ने प्रतिबद्धता जनाए । सरकारले वार्षिकरुपमा बजेट छुट्याएर काम गर्नका लागि ऐन बनाएर अगाडि बढ्नुपर्ने उनको भनाइ छ ।

भाषा विधेयक पास गरेर कार्यान्वयनको चरणमा रहेको बताउँदै उनले वैशाख २४ गतेदेखि कार्यान्वयनको घोषणाको तयारी गरिएको जानकारी दिए । भाषा विधेयक कार्यान्वयन भएर अगाडि गएपछि नयाँ जागरण पैदा गर्ने र धेरै समस्या हल हुने उनको विश्वास छ । संघीयता कार्यान्वयनको महत्वपूर्ण पक्षका रुपमा भाषा विधेयकलाई मुख्यमन्त्रीले औंल्याएका छन् ।

'विधेयक तयार गरेर संसद्ले पास गरेर अब कार्यान्वयनमा जार्देछौं,' उनले भने । नेपालको सम्पदा र सभ्यताको विकासको मूलपक्ष काठमाडौं उपत्यकाको नेवा सभ्यता भएको उनको भनाइ छ । मुख्यमन्त्री जम्कट्टेलले हाम्रो सभ्यताको विकास नै नेवा सभ्यताबाट भएको स्पष्ट पारे । नेवा सभ्यतासँग जोडिएका धेरै कुरा धराशायी हुँदै गइरहेको छ, संघीय शासन प्रणालीमा जोडिएसँगै हिजोको सभ्यताको खोजतलास गर्न र विकासका लागि कानुन आवश्यक भएकाले सभ्यता, कला, संस्कृतिको संरक्षण गर्न विना कानुन नसकिने उनले स्पष्ट पारे ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले भाषा, कला, संस्कृतिलाई जोगाउन, संरक्षण गर्न सबै एकढिक्का भएर लाग्नुपर्ने बताए । मन्त्री बज्राचार्यले सबैको लिपि, भाषा, संस्कृति, परम्परा महत्वपूर्ण भएकाले संरक्षण गर्नुपर्नेमा जोड दिए ।

# जनज्योति मावि ब्यवस्थापन समितिका पूर्वअध्यक्षहरु सम्मानीत



साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ हेटौंडा-१४ मा रहेको जनज्योति माध्यमिक विद्यालयको ३५ औं अभिभावक भेला सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामचन्द्र ढुंगानाको अध्यक्षतामा भएको भेलामा हेटौंडा-१४ का वडाअध्यक्ष दीपक खड्काको प्रमुख आतिथ्यता थियो ।

भेलामा विद्यालयका प्रधानाध्यापक भोगेन्द्र लुइँटेलले शैक्षिक तथा भौतिक प्रतिवेदन पेश गरेका थिए । सहायक प्रधानाध्यापक हरिप्रसाद पौड्यालले विद्यालयको समग्र प्रतिवेदन प्रस्तुत गरेका थिए । विद्यालयका लेखापाल सनिश तामाङले विद्यालयको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरु र शिक्षक अभिभावक संघका पूर्वअध्यक्षहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष खेमनाथ विडारी, बासु अधिकारी, मोहनसिं मोक्तान, शम्भु पाण्डे, ज्ञानबहादुर लामा, टीकाबहादुर बानियाँलाई सम्मान गरिएको हो ।

शिक्षक अभिभावक संघका पूर्वअध्यक्ष शिवप्रसाद अधिकारी, रेतबहादुर चौलागाई र ताराबहादुर भोम्जनलाई सम्मान गरिएको थियो । भेलाले विद्यालय व्यवस्थापन समितिमा चारजना सदस्य सर्वसम्मत चयन गरेको छ । विद्यालय व्यवस्थापन समितिको सदस्यमा रामचन्द्र ढुंगाना, सोवी लामा, केदार थिङ, सञ्चमाया घलान चयन भएका छन् । नवनिर्वाचित चार सदस्यमध्येबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन हुने सहायक प्रधानाध्यापक पौड्यालले जानकारी दिए ।

# मकवानपुरे १४ स्रष्टा एउटै मञ्चमा सम्मानित

साझाकुरा संवाददाता



हेटौंडा, ९ वैशाख/ साहित्य संगम मकवानपुरले एकै मञ्चमा १४ जना स्रष्टालाई सम्मान गरेको छ । २०८० सालभित्र पुस्तक प्रकाशन गर्ने मकवानपुरे लेखकलाई संगमले शनिबार एकै मञ्चमा सम्मान गरेको हो ।

संगमको ३ सय ४२ औं साहित्यसन्ध्याका प्रमुख अतिथि नवराज शर्मा तिमल्सिनाले सम्मान गर्दै पुस्तक प्रकाशन गराएका स्रष्टालाई सम्मान गर्ने परम्पराले अन्य सर्जकलाई पुस्तकलेखन र प्रकाशनमा हौसला मिल्ने बताए । संगमले माटोको मोहका लागि तुलसी घिमिरे, महाकाशका लेखक मुना अर्याल, अकिञ्चनका आर्तहरुका लेखक देवराज खरेल, घुम्दै फिर्दैका लेखक जनार्दन खनाल, अनुत्तरित प्रश्नका लेखक समीर पाखिन, जुनेलीका लेखक पुरुषोत्तम आचार्य, बैंकिङ क्षेत्रमा बढेका पाइलाहरुका लेखक सुदर्शनप्रसाद अधिकारी, अन्तर्दृष्टिका लेखक किशन पौडेल, व्यथाभित्रको कथाका लेखक श्यामप्रसाद श्रेष्ठ, म कथा भन्छु निलका लेखक सिएम रिमाललाई सम्मान गरेको हो ।

यस्तै हार्न नसक्ने मान्छेमका लेखक गणेशकुमार तिमल्सिना, प्रारम्भिक संस्कृत व्याकरणका लेखक उदिम पन्त, पल्लवित पाइलाका लेखक कृशु अर्याल, मेकिङ इट इजीका लेखक आदर्श पौडेललाई सम्मान गरिएको हो । अनुशुया खनालले बालोरी छन्दको कवितावाचन गरेको सन्ध्यामा राजबहादुर बुढा, राजकुमार चौधरी, एलिजा ढकाल, ऋषिराम पाण्डे, स्वस्तिका दाहालले कवितावाचन गरेका थिए । यसैगरी, मसान उपासक, देवराज तिवारी र देवराज खरेलले गजल साथै सुबास सजलले मुक्तकवाचन गरे । सम्मानित स्रष्टाले रचनावाचन गरेका थिए ।

संगमका अध्यक्ष डीबी बर्तौलाले सम्मानित स्रष्टालाई सम्मान गर्ने अघिल्लो कार्यसमितिको परम्पराले निरन्तरता पाएको बताए । सम्मान कार्यक्रमलाई हेटौंडा-१८ का लक्ष्मण भुजेलबाट सहयोग प्राप्त भएको उनले जानकारी दिए ।

यसैगरी लेखक गणेश कुमार तिमल्सिनाले ५० प्रति पुस्तक संगमलाई सहयोग गरेका छन् । विधान संशोधनका क्रममा रहेको बताउँदै अध्यक्ष बर्तौलाले संगमले अक्षयकोष स्थापनाका लागि गरेको सहयोग संकलनमा हालसम्म ४ लाख ५० हजार रुपैयाँ संकलन भएको जानकारी दिए ।

# इन्ड्राइभ र अफलाइन राइडर ट्राफिक प्रहरीको निशानामा



काठमाडौं/गत २२ चैतको बेलुका बौद्धको नयाँबस्तीस्थित पहेँलो पुलमा इन्ड्राइभ एपमार्फत राइड सेयरिङ गर्दै आएका १० जना मोटरसाइकल चालकलाई ट्राफिक प्रहरीले जनही दुई हजार रुपैयाँ जरिवाना गर्‍यो । मोटरसाइकल चालकले ग्राहकसँग मोलमोलाइ गरेर अफलाइनमा राइड सेयरिङ गरेको पाएमा ट्राफिकले कारबाही गर्ने गरेको थियो । इनड्राइभका राइडरले आफूहरुले अफलाइन नचलाएको भन्दै ट्राफिकसँग अनुनय गरे पनि प्रहरीले दुई हजारको चिट थमायो ।

जरिवानामा परेकामध्ये रोशन खड्काले संचारकर्मीसँग भने, 'नेपालमै केही गरिखाउँ भनेर काम गर्दा बिना गल्ती २ हजारको चिट थमाइदिएको छ । गरिखाने वातावरण भएन ।' ट्राफिक प्रहरीले भने इनड्राइभ नेपालमा दर्ता नभएकाले यसमार्फत राइड सेयरिङ गर्ने मोटर साइकल चालकलाई कारबाही गर्न थालेको बताएको छ ।

'नाम नै तोकेर फलानो राइड सेयरिङ भनेर कारबाही भएको छैन । तर बिना दर्ता चलेका राइड सेयरिङहरुलाई हामीले कारबाहीको दायरामा ल्याएका छौं' काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसएसपी तथा प्रवक्ता जीवन श्रेष्ठले भने ।

नेपालमा हाल पठाओ र इन्ड्राइभ गरी दुईवटा राइड सेयर एप सञ्चालनमा छ । पठाओ नेपालको कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता छ भने इनड्राइभ कतै दर्ता भएको छैन । मोटरसाइकल चालक र ग्राहकले मोवाइलमा राखेको एपका आधारमा सम्पर्क भई राइड सेयरिङ हुँदै आएको छ । नेपालमा दर्ता नभएकाले इनड्राइभ एपमार्फत राइड सेयरिङ गर्ने मोटरसाइकल चालकहरु कारबाहीमा पर्ने प्रहरीको भनाइ छ ।

कतै दर्ता नभएको र यात्रुको बीमा पनि नभएको राइड सेयरिङ एपमार्फत यात्रु ओसारपसार गर्न दिँदा दुर्घटना भएमा भविष्यमा समस्या आउने र यात्रु असुरक्षित हुने एसएसपी श्रेष्ठले बताए । यस्ता राइडरलाई ट्राफिक प्रहरीले प्रयोजन विपरीत सवारी चलाएको आरोपमा २ हजार रुपैयाँ जरिवाना गर्ने गरेको छ ।

गत १४ चैतमा यात्रुको तीन वटा औला भाँचेको आरोपमा प्रहरी वृत्त सिंहदरबारले ५ वैशाखमा एक जना इन्ड्राइभका राइडरलाई पक्राउ गरेर मुद्दा नै चलाएको छ ।

इनड्राइभर चढेर थापाथली जाने क्रममा गलत बाटो लगेको विषयमा यात्रु केशव घिमिरे र इनड्राइभर चालक नवलपरासीको विहादी गाउँपालिका-२ का २६ वर्षीय जोन तामाङबीच विवाद भएको थियो । सो क्रममा यात्रुले मोटरसाइकलको चाबी निकालेर प्रहरीले खबर गर्छु भनेपछि विवाद हुँदा इनड्राइभर चालकले चाबी खोस्न खोज्दा यात्रुको तीन वटा औंला भाँचिएको थियो ।

दर्ता नभएका राइड सेयरिङ एप चलाउने र अफलाइनमा यात्रु बोक्ने मोटरसाइकल चालकका कारण दुर्घटना र अपराध बढ्न सक्ने जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले बताए ।

'अफलाइन चढेको छ । मोटरसाइकल नम्बर पनि थाहा छैन । कम्पनी कतै दर्ता पनि छैन । यस्तो अवस्थामा अपराध भए वा कुनै दुर्घटना भए पत्ता लगाउन गाह्रो हुन्छ', उनले भने, 'सीसीक्यामेराको माध्यमबाट धन्न हामीले व्यक्ति पहिचान गरी पक्राउ गरेर कारबाहीको दायरामा ल्याएका छौं ।'

घटनाको २० दिनपछि बल्ल पक्राउ गरेका इनड्राइभर चालकमाथि अहिले प्रहरीले अनुसन्धान गरिरहेको छ । यस्तै प्रकृतिका अपराधका घटनाहरु हुन नदिन पनि नेपालको कानुन अनुसार दर्ता नभएका राइड सेयरिङ एप र अफलाइन राइडरलाई प्रहरीले कारबाही गर्ने गरेको हो ।

### ९ महिनामै १८ हजार मोटर साइकल चालक कारबाहीमा

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले २०८० साउनदेखि २०८१ वैशाख २ गतेसम्म राइड सेयरिङ गर्ने १८ हजार १३६ जनालाई कारबाही गरेको छ । उनीहरुमध्ये अधिकांश इनड्राइभ एपमार्फत राइड सेयरिङ गर्ने र अफलाइनमा यात्रु बोक्नेहरु छन् । 'बिना दर्ता पनि निकै व्यस्त रुपमा चलेको इनड्राइभ नै हो । हामीले करबाही गरेकाहरु मध्ये अधिकांश इनड्राइभका राइडरहरु नै छन्', ट्राफिक प्रहरी स्रोतले भन्यो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार २०८० सालमा २ हजार ७२१, भदौमा २ हजार ३०७, असोजमा १ हजार ४२५, कात्तिकमा १ हजार २६०, मंसिरमा १ हजार ५६६, पुसमा १ हजार ४७९, माघमा १ हजार ६१८, फागुनमा १ हजार ४७०, चैतमा सबैभन्दा बढी ३ हजार ९६२ र वैशाख २ गतेसम्म ३२८ गरी १८ हजार १३६ राइडहरु कारबाहीमा परेका छन् ।

जघन्य अपराधका घटनामा समेत अफलाइन राइडहरु प्रयोग हुँदै आएको छ । ७ वैशाख २०८० मा चावहिल सरस्वतीनगरस्थित निरु किचेनकी सञ्चालक निरा पाण्डे आचार्यलाई हत्या गरी गरगहना लुटेर एक युवक फरार भएका थिए । प्रहरी अनुसन्धानका क्रममा हत्या गरेर झापाका विनोद विश्वकर्मा अफलाइनमा राइड सेयरिङको मोटर साइकल चढेर भागेको खुलेको थियो ।

त्यसपछिका अन्य अपराधका घटनामा समेत अफलाइन राइडको प्रयोग देखिएको भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले अफलाइन राइडरलाई पक्राउ गरेर करबाही समेत गरेको थियो ।

### दर्तामा महालेखाले उठाएको थियो प्रश्न

नेपालको सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा एउटा प्रयोजनमा दर्ता भएको सवारी साधन अर्को प्रयोजनमा लगाउन नपाइने व्यवस्था छ । अर्थात् निजी सवारी साधनले यात्रु ओसारपसार गर्न पाउँदैन । तर नेपालमा राइड सेयरिङ एपमार्फत निजी मोटर साइकल चालकले यात्रु बोक्दै आएका छन् ।

यो विषयमा बारम्बार विवाद हुने गरेको छ, तर राइड सेयरलाई नियमन र व्यवस्थित गर्ने गरी सरकारले कानुन निर्माण अघि बढाएको छैन ।

तर सर्वसाधारणको यात्रा सहज हुने, युवाहरु स्वरोजगार हुने र सरकारले कर पनि पाउने हुनाले कम्पनी दर्ता गरेर सञ्चालन गर्ने राइड सेयरलाई सञ्चालन हुन रोकतोक गरिएको छैन । पठाओ नामक राइड सेयर यसरी नै सञ्चालन भइरहेको छ ।

राइड शेयरिङ व्यवसायको दर्ता प्रक्रियाबारे महालेखा परीषकको कार्यालयले बेला बेलामा प्रश्न उठाउँदै आएके छ । महालेखाको ६० औं वार्षिक प्रतिवेदनमा राइड शेयरिङ व्यवसाय सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सञ्चालन भइरहेकाले उक्त कानुन संशोधन गर्न भनिएको थियो ।

उच्च अदालत पाटनले समेत २९ माघ २०७६ को कानून बनाएर राइड शेयरिङ व्यवसायलाई नियमन गर्न भने पनि अहिलेसम्म भएको छैन । उच्च अदालतको आदेश कार्यान्वयन गर्न सुझाव दिँदै महालेखाले भनेको छ, 'सबै सेवाप्रदायक कानुनी दायरामा नआएको, निजी प्रयोजनका निम्ति दर्ता भएका सवारी साधनले कानुनविपरीत भाडा लिई यात्रु तथा सामग्री ओसारपसार गरेको र सेवा लिएपश्चात् बिल जारी हुने व्यवस्था नरहेको कारण कानुन पालनामा कमी रहेको विद्यमान अवस्था सम्बन्धमा उच्च अदालत पाटनले कानून बनाएर नियमन गर्न २०७६/ १० / २९ मा आदेश दिए तापनि सो को कार्यान्वयन भएको छैन ।'

(स्रोत: अनलाइनखबर)

# 'नाइँ नभन्नू ल ६' हिरोको म्यूजिक भिडियोमा डेब्यू



काठमाडौं/म्यूजिक भिडियोलाई कलाकारहरुको आम्दानीको राम्रो स्रोत मानिन्छ । लगभग एक दिनमै छायांकन सकिने, प्रचारमा खासै हिँड्न नपर्ने र पारिश्रमिक राम्रो प्राप्त हुने भएकाले फिल्ममा चलेका कलाकारहरु पनि म्यूजिक भिडियो भनेपछि लोभिन्छन् । पुरानादेखि नयाँसम्म धेरैजसोले म्यूजिक भिडियोमा अनुहार देखाइसकेका छन् । अब यो भीडमा अभिनेता आशीर्वाद क्षेत्री पनि थपिएका छन् ।

अघिल्लो वर्षको बैशाखमा प्रदर्शन भएको फिल्म 'नाइँ नभन्नू ल ६'बाट उनले डेब्यू गरेका थिए । ठूलो 'ब्रान्ड भ्यालू'का बावजूद पनि फिल्म भने बक्स अफिसमा असफल ठहरियो । यद्यपि, उनको लुक्स, नृत्य र एक्सनको प्रशंसा भएको थियो । यसपछि उनले नयाँ फिल्ममा काम गरेका छैनन् । बरु म्यूजिक भिडियोमा डेब्यू गरेका छन् । 'नीरमाया' गीतबाट उनले मोडलको परिचय थपेका हुन् ।

गीतमा आशीर्वादको जोडीको रुपमा अभिनेत्री प्रियंका कार्की र मोडल सलिना खत्री प्रस्तुत छन् । गीत, भिडियो मेकिङको कन्सेप्ट र टिम राम्रो लागेर काम गरेको उनको भनाई छ । गीतको भिडियोलाई फिल्मका स्थापित छायाँकार सञ्जय लामाले खिचेका हुन् । उनले 'ड्रिम्स', 'ए मेरो हजुर' श्रृंखला, 'प्रेमगीत', 'सेतो बाघ', 'अगस्त्य' लगायत तीन दर्जन बढी फिल्मको छायांकन गरिसकेका छन् ।

कृष्ण विक र स्मिता दाहालको युगल स्वर रहेको गीतमा भीम बिसीको शब्द रचना तथा संगीत छ । कृष्णका 'हजुर मुसुक्कै', 'यानी माया रानी माया', 'रातो टिकी' जस्ता गीत चर्चित मानिन्छन् । उनको यसअघि आएका गीतमा राजेश हमाल, निरुता सिंह, दीलिप रायमाझी लगायतले अभिनय गरेका छन् । जीबी आग्रीको निर्देशनमा तयार भएको गीतमा कविराज गहतराजको कोरियोग्राफी छ ।

# ग्रामीण चलचित्र महोत्सवमा दयाहाङ र स्वस्तिमा उत्कृष्ट

काठमाडौं/नेपाल ग्रामीण चलचित्र महोत्सव (नेरुफ)को तेस्रो संस्करण सम्पन्न भएको छ । यही बैशाख ६ गतेदेखि ८ गतेसम्म रामेछाप जिल्लामा आयोजना भएको महोत्सवमा फिल्म प्रदर्शनपछि १६ विधामा अवार्ड प्रदान गरियो । लक्ष्मण सुवेदी निर्देशित 'सतीदेवी'ले उत्कृष्ट फिल्मसहित पटकथा र अभिनेत्री (जुरी मेन्सन अवार्ड) गरी तीन विधामा अवार्ड जितेको छ । उत्कृष्ट निर्देशकको अवार्ड 'दिमाग खराब'बाट निश्चल बस्नेतले प्राप्त गर्दा 'नाङ्गो गाउँ'बाट दयाहाङ राईले उत्कृष्ट अभिनेता र 'दिमाग खराब'बाट स्वस्तिमा खड्काले उत्कृष्ट अभिनेत्रीको अवार्ड जित्न सफल भए ।

यसैगरी, 'नाङ्गो गाउँ'ले उत्कृष्ट सम्पादन (बनिश शाह) र 'दिमाग खराब'ले उत्कृष्ट कलरिस्ट (राजेन्द्र मोक्तान)को अवार्ड जित्दा 'विच्छेद'ले जुरी मेन्सन अवार्डसहित उत्कृष्ट छायाँकार (संकल्प भुजेल)को अवार्ड प्राप्त गर्‍यो । सिनेमा आर्ट्सलाई भने उत्कृष्ट फिल्म निर्माण कम्पनीको अवार्ड प्रदान गरियो ।

त्यस्तै, सर्ट फिल्मको विधामा परिच्छेद सेन निर्देशित 'मदर', भाषिक फिल्मतर्फ बुद्दिया एस मगर निर्देशित मगर भाषाको 'माराङ', म्यूजिकल सर्ट फिल्मतर्फ 'अन्तै माया'बाट रणधीर श्रेष्ठ, सर्ट फिल्मतर्फ जुरी मेन्सन अवार्ड 'रित्तो गाउँ'बाट रामजी ज्ञवाली र डकुमेन्ट्रीतर्फ 'द आइरन डिगर'बाट



निर्देशक अनिल बुढा मगरले अवार्ड जितेका छन् । सेलिब्रेटी नेपालको आयोजना भएको महोत्सवमा चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष एवं निर्देशक दयाराम दाहाल, अभिनेता मुकुन भुसाल, निर्देशक तथा लेखक लक्ष्मण सुवेदी, निर्देशक तथा महोत्सव संयोजक कमल एक्चै मगर, निर्माता रौनक विक्रम कँडेललगायतको उपस्थिति रहेको थियो । महोत्सव अवधिभर २ हजार भन्दा बढी स्थानियको सहभागिता रहेको सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटाले बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पारिश्रमिक नबढाए शिक्षकहरूले एसईईको उत्तरपुस्तिका नजाच्ने



काठमाडौं/शिक्षक संगठनहरूले पारिश्रमिक नबढाएसम्म एसईईको उत्तरपुस्तिका नजाच्रुने बताएका छन् ।

उनीहरुले २०७२ सालदेखि उत्तरपुस्तिका परीक्षणमा हालसम्म एउटै पारिश्रमिक पाउनु अन्यायपूर्ण भएको भन्दै पारिश्रमिक नबढएसम्रुम उत्तरपुस्तिका नजाच्रुने विज्ञप्तमार्पत जनाएका छन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका उपाध्यक्ष प्रकाश घिमिरे, नेपाल शिक्षक संघका अध्यक्ष सुरेश प्रसाद घिमिरे, एकीकृत अखिल नेपाल शिक्षक संगठनका सचिव शैलश बहादुर प्रधान र प्रगतिशिल शिक्षक संगठनका अध्यक्ष गोविन्द चिलवालले उत्तरपुस्तिका परीक्षण गर्न नसक्ने भन्दै आइतबार विज्ञप्ति जारी गरेका छन् ।

परीक्षा नियन्त्रक (कक्षा १०) लाई सम्बोधन गरिएको विज्ञप्तिमा भनिएको छ 'पटकपटक ध्यानाकर्षण गर्दै आएकोमा हालसम्म न्यायोचित सम्बोधन नभएकाले समयानुकूल पारिश्रमिक वृद्धि नहुन्जेल परीक्षण कार्यमा सहभागी नहुने व्यहोरा अवगत गराउँदै पुन : ध्यानाकर्षण गराउँछौं ।' यसबाट पर्न जाने असर प्रति संघीय सरकार नै जिम्मेवार हुनुपर्ने उनीहरुले बताएका छन् ।

# मन्त्री श्रेष्ठद्वारा काठमाडौं र ललितपुरका योजना निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ बागमती प्रदेशका खानेपानी उर्जा तथा सिंचाई मन्त्री एकालाल श्रेष्ठले काठमाडौं र ललितपुरमा सन्चालन भएका योजना अवलोकन तथा निरीक्षण गरेका छन् ।



मन्त्री श्रेष्ठले काठमाडौंको चन्द्रागिरी नगरपालिका-१४ नैकापमा निर्माणाधीन बल्खु नदीले कटान गरेको जमिन संरक्षण र नैकाप फुटबलचौर संरक्षण गर्न संचालित योजनाको निरीक्षण गरे । जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय काठमाडौंबाट संचालित योजनाको करिव ९० प्रतिशत काम सम्पन्न भएको डिभिजन प्रमुख राजकुमार तण्डुकारले जानकारी गराए । दुबै योजना ५०/५० लाख रुपैयाँमा निर्माण भएको हो । बल्खु खोलाको कटानका कारण खेतीयोग्य जमिन बर्सेनी क्षयिकरण हुने समस्याबाट पीडित भएको बताउँदै चन्द्रागिरी-१४ का वडाअध्यक्ष राजभाइ महर्जनले आगामी वर्ष यसै योजनालाई निरन्तरताको लागि आग्रह गरे ।

मन्त्री श्रेष्ठले संघीय सरकारको बजेटबाट काम भएको बताउँदै आगामी वर्षको बजेटमा निरन्तरता दिन पहल गर्ने बताए । मन्त्री श्रेष्ठले ललितपुरको गोदावरी नगरपालिका-१३ मा रहेको झरुवारासी आरुबोट खानेपानी योजना, वडा नम्बर १० को बज्रबाराही लादेन खानेपानी आयोजना र ललितपुर महानगरपालिका-२२ बुङमती खानेपानी योजनाको निरीक्षण गरे । बागमती प्रदेश खानेपानी उर्जा तथा सिंचाइ मन्त्रालयको १५ लाख बजेटमा निर्माण थालिएको झरुवारासी आरुबोट डिपबोरिङ खानेपानी योजनाको निर्माण सम्पन्न हुँदा लागत बढेर ४४ लाख पुगेको खानेपानी तथा सरसफाइ डिभिजन-५ का प्रमुख लोकबहादुर चौलागाईंले जानकारी दिए ।

चौलागाईंका अनुसार २७० मिटर गहिरो बोरिङ पछि अहिले प्रतिसेकेन्ड १२ लिटर पानी उत्पादन हुनेछ । डिपबोरिङबाट उत्पादन भएको पानीलाई आगामी वर्ष ५ सय घनमिटरको ट्यांकी निर्माण गरी गोदावरी-१३ मा वितरण गरिने योजना बनाएको चौलागाईंले बताए । यस्तै वडा नम्बर १० को खानेपानी योजना विद्युतको कारण समस्या झेल्नुपरेको स्थानीयले गुनासो गरेका छन् । खानेपानीको लागि उपभोक्ता समितिमार्फत् पोल गाड्ने र तार बिछ्याउने काम सम्पन्न भएपनि विद्युत प्राधिकरणले लाईन नजोडिदिंदा समस्या भएको उनीहरुले बताए ।

यसैगरी ललितपुर महानगरपालिका-२२ बुङमती खानेपानी आयोजनाको लागि महानगरबाट २ वटा डिपिआर भएको बताउदै वडाध्यक्ष सागर तुलाधरले आगामी वर्ष बजेट विनियोजनको लागि मन्त्री श्रेष्ठसमक्ष आग्रह गरे । योजनाको निरीक्षण गर्दै मन्त्री श्रेष्ठले जनताले शुद्ध र सहज रुपमा खानेपानी प्राप्त गर्ने कुरामा गम्भीर रहेको बताए । योजना निर्माण सम्पन्न भएरपनि कुनै कारणबाट संचालना आउन सकेको छैन भने कहाँ समस्या छ ? तुरुन्तै मन्त्रालमा रिपोर्टिङ गर्न सम्बन्धित डिभिजन प्रमुखलाई उनले निर्देशन दिएका छन् ।

मन्त्रालयबाट संचालित कुनैपनि योजनामा ढिलासुस्ती हुन नदिन र समयमै योजना सम्पन्न गराउन डिभिजन कार्यालयले निगरानी बढाउन मन्त्री श्रेष्ठले आग्रह गरे । यस्तै खानेपानी तथा सिंचाइ डिभिजन प्रमुखलाई सम्बन्धित क्षेत्रका आवश्यकताका आधारमा आगामी वर्षका लागि योजना संकलन र मन्त्रालयमा सिफारिस गर्न आग्रह गरे । योजना निरीक्षणमा प्रदेशसभा सदस्य प्रेमभक्त महर्जन, खानेपानी तथा सरसफाई डिभिजन नं. ५ का डिभिजनप्रमुख लोकबहादुर चौलागाई, जलस्रोत तथा सिंचाइ डिभिजन ललितपुरका प्रमुख मनोज थापा, उपभोक्ता समितिका पदाधिकारी, इन्जिनियर र कर्मचारी सहभागी थिए ।

# हेटौंडामा पहिलोपटक अटोक्रस च्याम्पियनसिप



साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ बागमती अटोमोबाइल्स एसोसिएसन र चितवन अटोमोबाइल्स डिलर एसोसिएसनको संयुक्त आयोजनामा हेटौंडामा अटोक्रस च्याम्पियनसिप कम्पिटिसन २०२४ सम्पन्न भएको छ । हेटौंडास्थित गौरीटार रंगशाला क्षेत्रमा भएको प्रतियोगिता काठमाडौं उपत्यका बाहिर पहिलो पटक भएको हो ।

गौरीटार स्टेडियम भित्र एक किलोमिटर अस्थायी ट्र्याकमा सम्पन्न प्रतियोगितामा सुमन तामाङ प्रथम र राजन पियाले दोस्रो स्थान हात पारेका छन् । उनीहरु दुवैजना यसैवर्ष हुने एसिया प्यासिफिक अटो जिमखाना च्याम्पियनसिपमा सहभागी हुनेछन् । नेपालभरका ड्राइभर्सको खुल्ला प्रतियोगितामा विजयीलाई बागमती खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी, उद्यमी अरुणराज सुमार्गी, नेपाल खेलकुद महासंघका महासचिव धरमकुमार लामा, नेपाल अटोमोबाइल एसोसिएसनका उपाध्यक्ष अनिलकुमार बराल तथा कोशी अटोमोबाइल एसोसिएसनका अध्यक्ष प्रकाश कपुरीलगायतले पुरस्कृत गरे ।

हेटौँडामै पहिलोपटक डिजाइन गरिएको कलात्मक ट्र्याकमा सहभागी सबै उमेर समूहका चालक उत्साहित थिए तर, उनीहरुको ड्राइभिङ स्किल, उमेर अवस्था, शारीरिक क्षमता र स्वास्थ्य अवस्था समेतको विश्लेषण गरी फाइनल राउन्डमा २० जना ड्राइभर्स र नेभिगेटरलाई मात्र चयन गरिएको थियो । यसअघि गरिएको ओरिएन्टेसनमा राउन्डमा भने १८ ड्राइभर्स र १६ को-ड्राइभर सहभागी थिए ।

बागमती प्रदेश संघले पहिलोपटक तथा नासा नेपालले काठमाडौं बाहिर पहिलोपटक आयोजना गरेको यो प्रतियोगिता अन्तर्राष्ट्रिय अटोमोबाइल फेडरेसन एफआईएका स्पोर्ट्स ग्रान्ट अन्तर्गत संचालन गरिएको हो । बागमती खेलकुद विकास परिषद् र भरतपुर महानगरको विशेष सहयोग तथा पोखरा राइडर्स क्लबको प्राविधिक सहयोगमा सम्पन्न भएको नासा नेपालले जनाएको छ ।

# मकवानपुरगढीमा मानव कंकाल

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ मकवानपुरगढी गाउँपालिका-८ आलखोला जंगलमा मानवकंकाल फेलापरेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार शनिबार बिहान आलखोला जंगलमा घाँस काट्न गएका स्थानीयले मानिसको कंकाल देखेपछि प्रहरीलाई खवर गरेका हुन् ।

कंकाल फेला परेपछि स्थानीयले जनप्रतिनिधि र प्रहरीलाई खबर गरेका थिए । प्रहरीको टोली पुगेर अनुसन्धान गर्दा तत्काल कंकालको सनाखत हुन नसकेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । घटनास्थलको मुचुल्का लगायतको कानुनी प्रक्रिया पूरा गरी स्थानीयसँग बुझ्दा सोही वडाका कोही मानिस बेपत्ता नरहेको बुझिएको प्रहरीले जानकारी दिएको छ । घटनास्थलमा रहेको कपडा तथा कपाल हेर्दा पुरुष ब्यक्तिको कंकाल जस्तो देखिएको प्रहरीको भनाई छ । घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । केही दिनअघि मकवानपुरको राक्सिराङ गाउँपालिका-३ स्थित सामुदायिक वनमा मानवकंकाल भेटिएको थियो ।

# गढी गाउँपालिकाद्वारा १५ मेट्रिकटन कोदो र फापर खरिद

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ रैथानेबाली लोप हुने खतरा बढेपछि यसको संरक्षण र प्रवर्द्धनमा मकवानपुरगढी गाउँपालिकाले उदाहरणीय कार्य गरिरहेको छ । कोदो, फापर, जुनेलो जस्ता पौष्टिकतायुक्त रैथाने बाली हराउँदै गएपछि उत्पादन बृद्धिगर्न किसानलाई प्रोत्साहन गर्नुका साथै मूल्यको समेत सुनिश्चितता गरिएको छ ।




लोप हुँदै गएका बालीको व्यावसायिक खेती हुन थालेको छ । बिगत ३ वर्षदेखि गाउँपालिकाले कोदो, जुनेलो, धानकोदो र फापरको न्युनतम समर्थन मूल्य तोक्दै आएपछि किसान खुशी भएका छन् । गाउँपालिकाले सहकारीमार्फत् रैथाने बाली खरिद गराई किसान र सहकारीलाई थप अनुदानसमेत दिँदै आएको गाउँपालिका कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । 'हामीले आर्थिक वर्ष २०७७/७८ देखि नै कोदो र फापरको न्युनतम समर्थन मूल्य तोकिदिएर सहकारीमार्फत् खरिद गर्ने व्यवस्था गरेका हौं, अहिले कोदो, फापरसँगै धानकोदो र जुनेलोको पनि समर्थन मूल्य तोकेर खरिदबिक्री भइरहेको छ' कृषि शाखाप्रमुख चौधरीले भने-'किसानले उत्पादन गरेका बालीको राम्रो मूल्य पाउने निश्चित भएपछि व्यावसायिक रुपमा खेती गर्नेहरु बढिरहेका छन् ।'

पालिका भित्र अनुमानित तीनसय हेक्टर क्षेत्रफलमा कोदो खेती हुँदै आएको कृषि शाखाप्रमुख चौधरीले बताए । गाउँपालिकाले चालु आर्थिक वर्षको लागि कोदो र धानकोदोको मूल्य प्रतिकिलो ५४ रुपैयाँ, जुनेलोको ८४ र फापरको एकसय रुपैयाँ समर्थन मूल्य तोकेको थियो । न्युनतम समर्थन मूल्य निर्धारण भएपछि गाउँपालिकाले सूचनामार्फत् इच्छुक फर्म र सहकारीलाई आह्वान गर्ने गरेको छ । सोअनुरुप गाउँपालिकामै रहेको दुइवटा सहकारीले बर्सेनी किसानले गरेको रैथाने बाली खरिद र बिक्री गरिरहेका छन् । अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले गाउँलेका सबै कोदो खरिद गरी कोदोको पीठोको ब्रान्डिङ गरी बजार पठाउने गरेको छ । एकता स्वाबलम्बन कृषि सहकारीले फापर र जुनेलो खरिद गरी बिक्री गर्ने गरेको छ ।

न्युनतम समर्थन मूल्य तोकिएका अन्नबालीमा गाउँपालिकाले थप प्रतिकिलो १० रुपैयाँ अनुदानसमेत दिँदै आएको गाउँपालिका अध्यक्ष दोर्जे लामाले बताए । अनुदान रकममध्ये प्रतिकिलो ६ रुपैयाँ किसानले पाउनेछन् भने ४ रुपैयाँ खरिद गर्ने कृषि सहकारीले पाउने गरेको अध्यक्ष लामाले जानकारी दिए । गाउँपालिकाले चालु वर्षमा अन्नबाली खरिद बिक्रीका लागि ५ लाख रुपैयाँ अनुदान छुट्याएको कृषि शाखाले जनाएको छ । चालु आवको चैत समान्तसम्मको तथ्यांकअनुसार सहकारीमार्फत् ८ मेट्रिकटन फापर, ७ मेट्रिकटन कोदो र एक मेट्रिकटन जुनेलो संकलन भएको छ ।

# टिपरको ठक्करबाट घाइते बिडारीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ हेटौंडा उपमहानगरपालिका-१० बसपार्कमा टिपरको ठक्करबाट घाइते स्कुटर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा मनहरी-३ मिलडाँडा, हाल हेटौंडा-११ थानाभन्याङ बस्ने वर्ष ५५ का भीमबहादुर बिडारी रहेका छन् ।

बिडारीको आइतबार राप्तीतटमा दाहसंस्कार गरिएको बताइएको छ । शनिबार दिउँसो बसपार्कको पिपलबोटबाट बसपार्क तर्फ आउँदै गरेको बा.प्र.०३-००५ प ३५११ नम्बरको स्कुटरलाई विपरीत दिशाबाट आउँदै गरेको प्र.२-०३-००१ ख ६८५४ नम्बरको टिपरले ठक्कर दिँदा घाइते भएका बिडारीको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार टिपरको ठक्करबाट बिडारीको तत्काल उद्दार गरी हेटौंडा अस्पताल लागिएको उपचार संभव नभएपछि चुरेहिल अस्पताल लगिएको थियो । त्यहाँबाट पनि भरतपुरको नयाँ मेडिकल कलेज रिफर भएकोमा उपचारको क्रममा आज आइतबार बिहान डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । टिपर, टिपरचालक प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

# बकैयाका दूध उत्पादक किसानलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ वैशाख/ व्यावसायिक रुपमा पुशपालन गरिरहेका र व्यावसायउन्मुख बकैयाका किसानलाई तालिम प्रदान गरिएको छ । मकवानपुरको बकैया गाउँपालिकामा रहेको हात्तिसुँडे दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले कृषकको लागि ५ दिने तालिम दिएर व्यवसायको लागि प्रेरित गरेको हो ।

सफा दुध उत्पादन, व्यावसायिक पशुपाल, घाँस तथा आहार व्यवस्थापनसम्बन्धी तालिममा सहकारीका १२५ जना सदस्य किसान सहभागी भएका थिए । किसानलाई सुजल डेरी पोखराका व्यवस्थापक डा. लक्ष्मण ढकालले सफा दुध उत्पादन, व्यावसायिक पशुपाल, घाँस तथा आहार व्यवस्थापनका क्रममा ध्यान दिनुपर्ने बिषयबारेमा महत्वपूर्ण जानकारी प्रदान गरेको सहकारीका अध्यक्ष तोयानाथ दाहालले बताए ।

व्यवसायको लागि किसानलाई सीप तथा क्षमता विकासमा तालिम उपयोगी भएको र सीपलाई व्यवहारमा ल्याउनेलाई गाउँपालिकाले समेत सहयोग गर्ने बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । सहकारीमा ३५३ जना सदस्य आवद्द रहेका छन् । दैनिक २ हजार लिटर दुध संकलन गर्दै आएको हात्तिसुँडे सहकारीका सदस्यले दुधको पैसा भुक्तानी नहुँदा भने समस्या भएको बताए ।

बिक्री भएको दुधको भुक्तानी नपाएर आजित भएका किसानलाई राहत दिनको लागि गाउँपालिकाको जमानतमा उद्योग सञ्चालन गर्ने संभावनाको खोजी थालिएको गाउँपालिका अध्यक्ष लामिछानेले बताएका छन् ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
हेटौंडा, मकवानपुर

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !**

*सूचना प्रकाशित मिति: २०८१/०१/१०*
*दरभाउ पत्र पेशपर्ने अन्तिम मिति: २०८१/०१/२५*

यस निर्देशनालयको आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मकवानपुर उद्योग वाणिज्य संघबाट माग भए बमोजिम उक्त संघको भवनमा पार्टेसन गरी विजनेस इन्कुबेसन सेन्टर स्थापना तथा संचालन गर्ने प्रयोजनको लागि प्राविधिक लागत इष्टिमेट बमोजिम कार्य गर्न ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रीत पूर्वकको सीलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुनेगरी) प्रदेश लेखा नियन्त्रण कार्यालय हेटौंडाको, नाममा रहेको रा.वा.बैंक हेटौंडाको राजस्व खाता नं. १०००२०००१०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर, नवीकरणको ईजातज पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि सहित लिखित निवेदन दिई यो सूचना प्रकाशित मितिले १५ दिन (कार्यालय समय) भित्र यस निर्देशनालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. यस निर्देशनालयबाट खरिद गरेको दरभाउ पत्र फाराम नियमानुसार भरी सीलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का सूचना नं. दरभाउ पत्र दाताको नाम, ठेगाना, इमेल र सम्पर्क नं. समेत खुलाई निर्देशनालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको १६ औं दिन दिनको १२:०० बजे भित्र यस निर्देशनालय तथा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा समेतमा दरभाउ पत्र दर्ता गर्न सकिने छ ।दर्ता भएका दरभाउ पत्र सोही दिन दिनको १:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।दरभाउ पत्र दाताका प्रतिनिधिहरु अनुपस्थित भए तापनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।
३. शिलबन्दी दरभाउ पत्र साथ तपसिलमा उल्लेखित जमानत बापतको रकम यस निर्देशनालयको कार्यालय कोड नं. ३२५००३२१६३ सहित प्रदेश लेखा नियन्त्रण कार्यालय हेटौंडाको नाममा रहेको रा.वा. बैंक हेटौंडाको धरौटी खाता नं. १३००१००२०२०३०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंक/वित्तीय संस्थाबाट यस निर्देशनालयको नाममा जारी गरेको दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ (पचहत्तर) दिन अवधि कायम भएको बैंक जमानतपत्र (विडवण्ड) संलग्न गरेको हुनुपर्नेछ ।
४. दरभाउ पत्रको प्रत्येक आइटममा अंक र अक्षरमा लेखेको, केरमेट नभएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा आधिकारिक व्यक्तिबाट दस्तखत भएको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारबाही हुनेछैन ।
५. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई तत्तत् प्रयोजनको लागि अन्तिम दिन मानिने छ ।
६. सार्वजानिक खरिद नियमावली २०६४ (संशोधन सहित)को नियम ६५ (४घ१) को प्रतिकुल नहुने गरी स्वघोषाणा सहित दरभाउ पत्र पेश गर्नुपर्नेछ ।
७. यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजानिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजानिक खरिद नियामावली २०६४ (संशोधन सहित) तथा बागमती प्रदेश सार्वजानिक खरिद नियमावली २०७६ (संशोधन सहित) बमोजिम हुनेछ। यस सम्बन्धी विषयमा विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस निर्देशनालयको टेलिफोन नं. ०५७-५२००१४,५२००१५ मा सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं | कामको विवरण | ल.ई. रकम(मु.अ.कर सहित) | जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | DOICCIP/WORKS/SQ/2080–81/01 | मकवानपुर उद्योग वाणिज्य संघको भवनमा विजनेस इन्कुबेसन सेन्टर निर्माण | १६,७०,५३८.०५ | ४०,०००/- | १,०००/- | |

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना